नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाण्डौ ।

भक्तपुर जिल्ला, मध्यपुर (ठिमी) नगरपालिका, सानो ठिमीस्थित जग्गामा निर्माण गरिने ५००० क्षमताको सभाहलको

## "अवधारणा डिजाइन" (Concept Design) तयार गर्नको लागि

## "डिजाइन प्रतियोगिता" सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०७५।७।१९)**

१. नेपालमा अन्तर्राष्ट्रिय सभा सम्मेलनका लागि ५००० क्षमता भएको नेपालको मौलिक वास्तुकला झल्किने सुविधा सम्पन्न सभाहलको डिजाइनको लागि सम्पूर्ण इच्छुक नेपाली गैर-आवासीय नेपाली वा विदेशी परामर्शदाता फर्म, वास्तुविद् तथा सिभिल इन्जिनियर विच प्रतियोगिता गराई उत्कृष्ट अवधारणा प्रारुपण गराउनु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । यस प्रतियोगितामा सहभागि हुन इच्छुक परामर्शदाता उम्मेदवारहरुले नगद रु. ५००।- बुझाई यस विभागबाट प्राप्त हुने दरखास्त फाराम तथा कार्य क्षेत्रगत शर्तहरुको अधिनमा रही यही २०७५ साल मंसिर महिनाको २९ गते दिनको १३:०० वजे सम्ममा यस विभागमा प्राप्त हुने गरी डिजाइन पेश गर्न हुन जानकारी गराइन्छ ।

२. प्रतियोगितामा प्रथम हुनेलाई रु. ५,००,०००।- (रु. पाँच लाख) ले तथा बढिमा अन्य ३ (तीन) प्रतियोगीहरुलाई नगद रु. २,००,०००।- (रु. दुई लाख ) तथा प्रशंसा पत्रले पुरस्कृत गर्ने व्यवस्था गरिएको छ ।

३. दरखास्त फाराम मिति २०७५/८/११ गते मंगलबारको दिन सम्म कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ ।

४. मिति २०७५/०७/३० गते शुक्रबारका दिन दिउँसो १ वजे यस विभागको सभाकक्षमा आयोजना हुने यसै विषयसंग सम्बन्धित छलफल कार्यक्रममा कुनै जिज्ञासा भए थप जानकारी प्राप्त गर्न सकिनेछ ।

**प्रतियोगीहरुको न्यूनतम योग्यता र डिजाइन साथ पेश गर्नुपर्ने कागजातहरु निम्नानुसार हुनेछ :**

**<u>निम्न :</u>**

क) इन्जिनियर वा आर्किटेक्टहरुले व्यक्तिगत रुपमा भाग लिन नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको हुनुपर्ने र दरखास्त फाराम साथ सो दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ । यी प्रमाणपत्रहरु छुट भएको फारामलाई मान्यता दिइने छैन ।

ख) इन्जिनियरिङ्ग वा आर्किटेक्चरल फर्मको हकमा दरखास्त फारामको साथमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ( आ.व. २०७५/०७६ सम्म नविकरण भएको) र आन्तरिक राजश्व कार्यालयमा आ.व. २०७४/०७५ सम्म करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

ग) विदेशी इन्जिनियर/आर्किटेक्ट वा यी विषयका परामर्शदाता फर्महरुले नेपाली इन्जिनियर/आर्किटेक्ट, व्यक्ती वा इन्जिनियरिङ्ग/आर्किटेक्चरल फर्मसंग साझेदार (Joint Venture) को रुपमा मात्रै प्रतियोगितामा भाग लिन सक्नेछन् । विदेशी इन्जिनियर वा आर्किटेक्टले दरखास्त साथ सम्बन्धित देशको इन्जिनियरिङ्ग काउन्सिल वा आर्किटेक्चरल इन्टिच्युटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । त्यस्तै विदेशी परामर्शदाता फर्महरुको दरखास्त फारामसाथ सम्बन्धित देशमा नविकरण सहितको कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।